# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः ३७** **मितिः२०८३।०५।१६**

**भागः २**

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ ।**

## गुराँस गाउँपालिका

## महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०५।१०

प्रमाणीकरण मितिः २०८३।०५।१५

राजपत्रमा प्रकाशन मितिः २०८३।०५।१६

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका महिला, बालबालिका, , दलित, विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTQI+) लगायतका पछाडि पारिएका वर्ग तथा समुदायको हक, अधिकार र हितको संरक्षण, सम्वर्द्धन, विकास तथा सशक्तीकरण गर्न;

बालमैत्री वडा तथा गाउँपालिका घोषणा, ज्येष्ठ नागरिक सम्मान तथा सहयोग, बाल क्लब गठन तथा परिचालन, घरेलु हिंसा तथा लैङ्गिक हिंसा सचेतना, LGBTQI+ सचेतना र बालविवाह अन्त्य सम्बन्धी लक्षित कार्यक्रमहरूलाई योजनाबद्ध, पारदर्शी, प्रभावकारी र नतिजामुखी रूपमा सञ्चालन गर्न;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो **"महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** तर्जुमा गरी जारी गरेको छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

**(१)** यस कार्यवधिको नाम **"गुराँस गाउँपालिका महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

**(२)** यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

**(क) "गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेखलाई सम्झनु पर्छ।

**(ख) "कार्यपालिका"** भन्नाले गुराँस गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

**(ग) "विषयगत शाखा"** भन्नाले गाउँपालिकाको महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखालाई सम्झनु पर्छ।

**(घ) "बालमैत्री स्थानीय शासन (CFLG)"** भन्नाले बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागीताका तोकिएका सूचकहरू पूरा गरी बालमैत्री वातावरण निर्माण गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

**(ङ) "बाल क्लब"** भन्नाले बालबालिकाको हकहित संरक्षण र सहभागीताका लागि विद्यालय वा समुदायस्तरमा गठन भएका सञ्जाल वा समूहलाई सम्झनु पर्छ।

**(च) "ज्येष्ठ नागरिक"** भन्नाले ६० वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई सम्झनु पर्छ।

**(छ) "घरेलु हिंसा"** भन्नाले घरेलु सम्बन्ध भएका कुनै व्यक्तिले अर्को व्यक्तिलाई गरेको शारीरिक, मानसिक, यौनिक वा आर्थिक यातना वा दुर्व्यवहारलाई सम्झनु पर्छ।

**(ज) "LGBTQI+"** भन्नाले समलिङ्गी, द्विलिङ्गी, तेस्रोलिङ्गी, अन्तरलिङ्गी (लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्स, क्वियर) लगायतका लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई जनाउँछ।

**(झ) "बालविवाह"** भन्नाले प्रचलित कानुन अनुसार २० वर्ष उमेर पूरा नभई गरिने वा गराइने विवाहलाई सम्झनु पर्छ।

**३. उद्देश्यहरू:** यस कार्यविधिको मुख्य उद्देश्यहरू निम्न बमोजिम हुनेछन्:

क) दलित तथा विपन्न समुदायको जीवनस्तर सुधारका लागि आयआर्जनमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने।

ख) गाउँपालिका तथा सबै वडाहरूमा बालमैत्री स्थानीय शासन (CGLG) का सूचकहरू पूरा गरी CGLG वडा र पालिका घोषणा गर्ने।

ग) जेष्ठ नागरिकहरूको ज्ञान, अनुभव र योगदानको सम्मान गर्दै स्वास्थ्य तथा सामाजिक सुरक्षा सहयोग पुऱ्याउने।

घ) बाल क्लबहरूको गठन, पुनर्गठन तथा नेतृत्व क्षमता विकास गर्ने।

ङ) बालविवाह र बालश्रम पूर्ण रूपमा अन्त्य गर्न सचेतना तथा कानुनी पैरवी गर्ने।

च) LGBTQI+ समुदायका लागि आत्मसम्मान र आर्थिक आत्मनिर्भरताका लागि आयमूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) घरेलु तथा लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गरी राहत, उद्धार र परामर्श प्रदान गर्ने।

**४. लक्षित वर्ग:**

क) गुराँस गाउँपालिका भित्रका महिला, बालबालिका, दलित, अति विपन्न तथा सीमान्तकृत वर्ग।

ख) जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू।

ग) लैंगिक तथा यौनिक अल्पसंख्यक (LGBTQI+) समुदाय।

घ) बाल क्लब, किशोरी क्लब तथा महिला समूहहरू।

## परिच्छेद – २: बालमैत्री वडा तथा गाउँपालिका घोषणा कार्यक्रम

**५. उद्देश्य र रणनीति:**

(१) गाउँपालिका तथा प्रत्येक वडालाई बालमैत्री स्थानीय शासन (CFLG) राष्ट्रिय रणनीति अनुसारका सूचकहरू पूरा गराई बालमैत्री वडा तथा गाउँपालिका घोषणा गर्ने।

(२) बालबालिकाको बचावट, संरक्षण, विकास र बाल सहभागीताका तोकिएका ५१ वटै (वा अद्यावधिक) सूचकहरू हासिल गर्ने।

**६. कार्यक्रम सञ्चालन प्रक्रिया:**

**(१) स्थिति विश्लेषण (Situation Analysis):** प्रत्येक वडामा बाल अधिकारको स्थिति र बालमैत्री सूचकहरूको वस्तुस्थिति सङ्कलन गरी baseline डाटा तयार गर्ने।

**(२) सूचक पूरा गर्ने योजना:** वडास्तरमा बजेट विनियोजन गरी शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, बाल संरक्षण र सहभागीताका क्षेत्रमा लगानी वृद्धि गर्ने।

**(३) बाल सञ्जाल र बाल कोष:** प्रत्येक वडामा वडा बाल अधिकार समिति गठन गर्ने र वडा/पालिकास्तरमा बाल कोष (Child Fund) स्थापना गरी सञ्चालन गर्ने।

**(४) सामाजिक लेखापरीक्षण र अनुगमन:** वडास्तरका सूचकहरूको अनुगमन जिल्ला तथा प्रदेशस्तरीय अनुगमन टोलीमार्फत गराउने।

**(५) घोषणा समारोह:** ५१ वटै सूचक शतप्रतिशत वा तोकिएको मापदण्ड पूरा भएपछि कार्यपालिकाको निर्णय, जिल्ला बाल अधिकार समितिको सिफारिस र जनसहभागितामा भव्य समारोहका बीच "बालमैत्री वडा/गाउँपालिका" घोषणा गर्ने।

## परिच्छेद – ३: बाल क्लब गठन, परिचालन तथा क्षमता विकास

**७. बाल क्लबको गठन र संरचना:**

**(१) विद्यालयस्तरीय बाल क्लब:** गाउँपालिकाभित्रका प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत बालबालिकाहरू समेटेर १३ देखि १५ सदस्यीय बाल क्लब गठन गरिनेछ।

**(२) वडास्तरीय बाल सञ्जाल:** प्रत्येक वडाका विद्यालय तथा समुदायका बाल क्लबका प्रतिनिधिहरू समावेश गरी १५ देखि २१ सदस्यीय वडा बाल सञ्जाल गठन गरिनेछ।

**(३) पालिकास्तरीय बाल सञ्जाल:** सबै वडा सञ्जालका प्रतिनिधिहरू (५०% बालिका र समावेशी प्रतिनिधित्वसहित) समावेश गरी २१ देखि २५ सदस्यीय गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरिनेछ।

**८. बाल क्लबका मुख्य काम, कर्तव्य र बजेट:**

१) बालबालिकाका समस्या पहिचान गरी वडा तथा गाउँपालिकाका योजना तर्जुमा प्रक्रियामा पेस गर्ने।

२) बालविवाह, बालश्रम, लागूऔषध दुर्व्यसनी र विद्यालय dropout विरुद्ध सचेतनामूलक सडक नाटक, वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने।

३) **बजेट व्यवस्थापन:** गाउँपालिकाको कुल बजेटको तोकिएको प्रतिशत रकम बाल क्लबहरूका कार्यक्रम सञ्चालन र क्षमता विकासका लागि विनियोजन गरिनेछ।

## परिच्छेद – ४: बालविवाह अन्त्य सम्बन्धी विशेष कार्यक्रम

**९. रणनीति तथा अभियान:**

(१) गाउँपालिकालाई **"बालविवाह मुक्त गाउँपालिका"** घोषणा गर्ने दीर्घकालीन लक्ष्य लिइनेछ।

(२) शून्य सहनशीलता (Zero Tolerance) को नीति अङ्गीकार गरी कानुनी र सामाजिक अभियान सँगसँगै सञ्चालन गरिनेछ।

**१०. सञ्चालन गरिने मुख्य गतिविधिहरू:**

**(१) पुरोहित, पण्डित, धामी, झाँक्री र धर्मगुरुहरूसँग प्रतिबद्धता:** विवाह गराउने मुख्य पात्रहरूलाई बालविवाह नगराउन र जन्मदर्ता/उमेरको प्रमाण हेरेर मात्र विवाहको लगन तय गर्न अभिमुखीकरण गरी प्रतिबद्धता पत्रमा दस्तखत गराउने।

**(२) विवाह कार्डमा जन्मदर्ता अनिवार्य:** गाउँपालिकाभित्र छापिने विवाहको निमन्त्रणा कार्डमा वर र वधुको उमेर/जन्मदर्ता उल्लेख गर्ने व्यवस्था लागू गर्न प्रोत्साहन गर्ने।

**(३) किशोरी क्लब र रूपान्तरण कक्षा:** १२ देखि १९ वर्षका किशोर-किशोरीहरूका लागि सामाजिक जीवन उपयोगी सीप (Life Skills) र रूपान्तरण (Rupantaran) पाठ्यक्रम सञ्चालन गर्ने।

**(४) जोखिममा रहेका बालबालिकाको उद्धार र सहयोग:** बालविवाहको जोखिममा रहेका वा विवाह रद्द गरिएका बालबालिकालाई अध्ययन निरन्तरताका लागि छात्रवृत्ति तथा संरक्षकत्व सहयोग प्रदान गर्ने।

## परिच्छेद – ५: ज्येष्ठ नागरिक सम्मान, स्वास्थ्य सेवा तथा सहयोग

### ११. ज्येष्ठ नागरिक सेवा तथा सुविधा:

**(१) घरदैलो स्वास्थ्य परीक्षण र परिचयपत्र:** ८० वर्ष माथिका वा अशक्त ज्येष्ठ नागरिकहरूलाई घरदैलोमै पुगी विशेषज्ञ स्वास्थ्य परीक्षण, औषधि वितरण तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने।

**(२) अध्यक्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम:** गाउँपालिकाका ८० वर्ष पूरा गरेका ज्येष्ठ नागरिकहरूलाई वार्षिक रूपमा न्यानो कपडा, फलफूल, हर्लिक्स, आवश्यक स्वास्थ्य सामग्री (जस्तै: लट्ठी, थर्मस आदि) र कदरपत्रसहित सार्वजनिक रूपमा सम्मान गर्ने।

**(३) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र (Day Care Center):** प्रत्येक वडा वा पायक पर्ने स्थानमा ज्येष्ठ नागरिकहरू आपसमा भेटघाट गर्ने, भजनकीर्तन गर्ने, अनुभव आदानप्रदान गर्ने र पत्रपत्रिका पढ्ने "दिवा सेवा केन्द्र" स्थापना तथा सञ्चालनमा अनुदान दिइनेछ।

**(४) अन्तर-पुस्ता ज्ञान तथा सीप हस्तान्तरण:** ज्येष्ठ नागरिकहरूमा रहेको पुराना संस्कृति, सीप, कथा र इतिहास नयाँ पुस्तामा हस्तान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद – ६: घरेलु हिंसा तथा लैङ्गिक हिंसा सचेतना कार्यक्रम

### १२. सचेतना तथा रोकथामका उपायहरू:

**(१) वडास्तरीय सचेतना अभियान:** घरेलु हिंसा (कसूर र सजाय) ऐन तथा महिला अधिकार सम्बन्धी कानुनबारे समुदाय स्तरमा (विशेष गरी आमा समूह, युवा क्लब र सीमान्कृत टोलहरूमा) कानुनी साक्षरता शिविर सञ्चालन गर्ने।

**(२) पुरुष सहभागिता (Men Engage Movement):** घरेलु हिंसा र लैङ्गिक विभेद अन्त्य गर्न पुरुषहरुकै सहभागितामा "हिंसा नगर्ने र सहन्न" भन्ने अभियान चलाउने।

### १३. Safe house तथा कानुनी/मनोसामाजिक परामर्श:

**(१) सेफ हाउस (Safe House) व्यवस्थापन:** हिंसापीडित महिला तथा बालबालिकाका लागि आपत्कालीन बसोबास, सुरक्षा र भोजनको व्यवस्था गर्न छिमेकी पालिका वा साझेदार संस्थासँग सहकार्य वा आफ्नै अल्पकालीन आश्रयस्थल सञ्चालन गर्ने।

**(२) मनोसामाजिक परामर्श (Psychosocial Counseling):** हिंसाबाट प्रभावित व्यक्तिहरूलाई मानसिक तनावबाट मुक्त गराउन प्रशिक्षित मनोसामाजिक परामर्शदाताको सेवा उपलब्ध गराउने।

**(३) न्यायिक समिति र उजुरी पेटिका:** वडा तथा गाउँपालिकाको न्यायिक समिति मार्फत द्रुत न्याय र मेलमिलाप प्रक्रिया अगाडि बढाउने।

## परिच्छेद – ७: LGBTQI+ (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) सचेतना तथा सशक्तीकरण

**१४. पहिचान, सचेतना र सामाजिक समावेशीकरण:**

**(१) जनसचेतना तथा अभिमुखीकरण:** कार्यपालिका सदस्यहरू, वडाध्यक्ष, कर्मचारी, शिक्षक, प्रहरी र स्थानीय समुदायलाई LGBTQI+ समुदायको अधिकार, लैङ्गिक विविधता (Gender Diversity) र यौनिक अभिमुखिकरणबारे सचेतनामूलक तालिम दिइनेछ।

**(२) विभेद र हिंसा रोकथाम:** विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थलहरूमा LGBTQI+ व्यक्तिहरूमाथि हुने जिस्क्याउने, अपमान गर्ने वा विभेद गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गरिनेछ।

**१५. क्षमता विकास तथा आयआर्जन सहयोग:**

**(१) तथ्याङ्क सङ्कलन:** गाउँपालिका भित्र रहेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूको पहिचान गरी गोपनीय तथ्याङ्क राख्ने।

**(२) सीपमूलक तालिम:** निजहरूको रुचि अनुसार ब्युटिसियन, सिलाई-कटाई, कम्प्युटर, हस्तकला, वा अन्य व्यापार/व्यवसायका लागि निःशुल्क सीपमूलक तालिम प्रदान गर्ने।

**(३) बीउपुँजी सहयोग:** तालिम प्राप्त LGBTQI+ व्यक्ति वा समूहलाई साना व्यवसाय सुरु गर्न गाउँपालिकाको बजेटबाट बीउपुँजी (Seed Money) वा प्रविधि/औजार सहयोग अनुदान उपलब्ध गराइनेछ।

## परिच्छेद – ८: दलित तथा विपन्न समुदाय आयआर्जनमूलक कार्यक्रम

**१६. पहिचान र छनोट:** वडा कार्यालयको सिफारिसमा अति विपन्न र दलित परिवारको तथ्यांक संकलन गरी लाभग्राही छनोट गरिनेछ।

**१७. प्रस्तावित कार्यक्रमहरू:**

क) परम्परागत पेशा सुधार तथा आधुनिक उपकरण (आरन सुधार, सिलाई-कटाई, छाला जुत्ता निर्माण) वितरण।

ख) साना व्यवसाय (बाख्रापालन, कुखुरापालन, तरकारी खेती, ब्युटी पार्लर, प्लम्बिङ, वाइरिङ) तालिम ।

ग) वित्तीय साक्षरता तथा बचत परिचालन सम्बन्धी तालिम।

**१८. अनुदान र सहयोग सम्बन्धी व्यवस्था:** छनोट भएका व्यक्ति वा समूहलाई अधिकतम रू. ५०,००० सम्म बीउ पूँजी वा प्रविधि सहयोग अनुदान उपलब्ध गराइनेछ।

## परिच्छेद – ९: बजेट व्यवस्थापन, निवेदन तथा छनोट प्रक्रिया

**१९. बजेट स्रोत र व्यवस्थापन:**

(क) गुराँस गाउँपालिकाको आन्तरिक स्रोत।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त/समपूरक/विशेष अनुदान।

(ग) विकास साझेदार संस्था (बिना सर्त) बाट प्राप्त सहयोग।

**२०. बजेट विनियोजन र खर्च सम्बन्धी व्यवस्था:**

क) प्रत्येक वर्ष गाउँपालिकाको कुल बजेटको तोकिएको प्रतिशत सामाजिक समावेशीकरण, महिला, बालबालिका, दलित तथा जेष्ठ नागरिकका क्षेत्रमा अनिवार्य विनियोजन गरिनेछ।

ख) विनियोजित रकम आर्थिक कार्यविधि अनुसार पारदर्शी रूपमा खर्च गरिनेछ।

**२१. कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन:**

१) सामाजिक समावेशीकरण सम्बन्धी लक्षित कार्यक्रम (जस्तै: तालिम, सहयोग, सम्मान) प्राप्त गर्न इच्छुक समूह, क्लब वा व्यक्तिले सम्बन्धित वडा कार्यालयको सिफारिससहित अनुसूचीमा तोकिएको ढाँचामा सामाजिक विकास शाखामा निवेदन पेस गर्नुपर्नेछ।

२) प्राप्त निवेदनहरूलाई सामाजिक विकास समितिको बैठकले मूल्याङ्कन गरी बजेट र प्राथमिकताका आधारमा स्वीकृत गर्नेछ।

## परिच्छेद – ९: अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

### २२. अनुगमन समिति:

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि देहाय बमोजिमको **"सामाजिक विकास अनुगमन समिति"** रहनेछ:

| **पद** | **पदाधिकारी** |
|---|---|
| **संयोजक** | उपाध्यक्ष, गुराँस गाउँपालिका |
| **सदस्य** | प्रमुख प्रशासकीय अधिकृत |
| **सदस्य** | संयोजक, सामाजिक विकास समिति |
| **सदस्य** | कार्यपालिकाले तोकेको महिला/दलित/अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बाल क्लब, LGBTQI+ का प्रतिनिधि मध्यबाट सदस्य (५ जना) |
| **सदस्य सचिव** | प्रमुख, महिला, बालबालिका तथा सामाजिक समावशीकरण शाखा |

### २३. अनुगमन र प्रतिवेदन:

१) अनुगमन समितिले सञ्चालित सचेतना कार्यक्रम, तालिम, भौतिक सहयोग र बालमैत्री सूचकहरूको स्थलगत निरीक्षण गर्नेछ।

२) प्रत्येक ३/३ महिनामा कार्यक्रमको प्रगति प्रतिवेदन कार्यपालिका बैठकमा पेस गर्नुपर्नेछ।

## परिच्छेद – १०: विविध

### २४. आचारसंहिता तथा सर्तहरू:

१) कार्यक्रम सञ्चालन गर्दा कुनै पनि प्रकारको राजनीतिक, धार्मिक वा सामाजिक पक्षपात गर्न पाइने छैन।

२) सञ्चालित तालिम वा सहयोगमा कम्तीमा ५०% महिला तथा प्राथमिकताका साथ दलित, अपाङ्गता भएका, LGBTQI+ र विपन्न वर्गको सहभागिता अनिवार्य हुनुपर्नेछ।

**२५. बाधा अड्काउ फुकाउने र संशोधन:**

- यस कार्यविधिको व्याख्या गर्ने वा कार्यान्वयनमा कुनै बाधा-अड्काउ परेमा त्यसको अन्तिम निर्णय गाउँ कार्यपालिकाले गर्नेछ।
- यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको साधारण बहुमतले संशोधन गर्न सक्नेछ।

## अनुसूची – १

## कार्यक्रम/तालिम/सहयोगका लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता,दैलेख ।

विषय: सामाजिक समावेशीकरण कार्यक्रम/सहयोग/तालिम सम्बन्धमा।

म/हामी यस गुराँस गाउँपालिका वडा नं. ..... को स्थायी निवासी/समूह/बाल क्लब/सञ्जाल भई महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम देहायका कार्यक्रम सञ्चालन/सहयोगका लागि यो निवेदन पेस गर्दछु/गर्दछौँ।

१. निवेदक/संस्था/समूहको नाम: ______________________________

२. सम्पर्क नम्बर: ________________

३. माग गरिएको कार्यक्रम/तालिम/सहयोगको विवरण:

*(क) कार्यक्रमको नाम:* ________________________________________

*(ख) लक्षित वर्ग (महिला/बालबालिका/ज्येष्ठ नागरिक/LGBTQI+/अन्य):* _________

*(ग) सम्भावित सहभागी/लाभान्वित संख्या:* _________________________

*(घ) प्रस्ताविक स्थान र मिति:* _________________________________

४. संलग्न कागजातहरू:

- [ ] वडा कार्यालयको सिफारिस पत्र
- [ ] नागरिकता/जन्मदर्ता/परिचयपत्रको प्रतिलिपि
- [ ] बाल क्लब/आमा समूह/समितिको निर्णयको प्रतिलिपि (उपयुक्त भएमा)

निवेदकको दस्तखत: ______________

नाम/पद: ____________________

मिती: _____________________

**अनुसूची – २**

**वडा कार्यालयको सिफारिस पत्रको ढाँचा**

**गुराँस गाउँपालिका**

**... नं. वडाको कार्यालय**

पत्र संख्या.: ........ मिति: २०८... / ... / ...

चलानी नः

**विषय: सिफारिस सम्बन्धमा।**

**श्री** गुराँस गाउँपालिका,

(महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा), दैलेख।

उपरोक्त सम्बन्धमा यस वडा नं. ...... मा बस्ने/सञ्चालित ______________________________ (निवेदक/समूह/क्लब) ले "गुराँस गाउँपालिका महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिम ______________________________________ कार्यक्रम सञ्चालन/सहयोगका लागि निवेदन पेस गर्नुभएकोमा सो कार्यक्रम यस वडाको लक्षित वर्गको हितमा रहेको र आवश्यक देखिएको हुँदा नियमानुसार आवश्यक कारबाही तथा बजेट व्यवस्थापनका लागि सिफारिस गरी पठाइएको छ।

सिफारिस गर्ने अधिकारी:

दस्तखत: ___________________________

नाम: ______________________________

पद: वडा अध्यक्ष / वडा सचिव

कार्यालयको छाप:

**[अनुसूची – ३]**

**कार्यक्रम प्रस्तावनाको मुख्य ढाँचा (Project Proposal Format)**

**(वडा कार्यालय, बाल क्लब, आमा समूह, संस्था वा लक्षित वर्गका समूहले पेस गर्ने प्रस्तावना)**

**१. सामान्य विवरण**

- **प्रस्तावित कार्यक्रमको नाम:**

  ____________________________________________________________

- **प्रस्ताव पेस गर्ने समूह/संस्था/समितिको नाम:**

  _____________________________________________

- **ठेगाना:** गुराँस गाउँपालिका, वडा नं.: ______ टोल/बस्ती: _________________________________

- **सम्पर्क व्यक्तिको नाम/पद:**

  _____________________________________________________________

- **सम्पर्क मोबाइल नं.:** ____________________ **इमेल:** ___________________________________

**२. कार्यक्रमको पृष्ठभूमि तथा औचित्य (Background & Justification)**

*(कार्यक्रम सञ्चालन गर्नु पर्नाको मुख्य कारण, क्षेत्रको समस्या र यो कार्यक्रम किन आवश्यक छ भनी खुलाउने)*

---

---

**३. कार्यक्रमको मुख्य क्षेत्र (Main Focus Area)**

*(सम्बन्धित क्षेत्रमा [✓] चिन्ह लगाउनुहोस्)*

- [ ] बालमैत्री वडा/पालिका घोषणा सम्बन्धी कार्यक्रम
- [ ] बाल क्लब गठन, परिचालन तथा क्षमता विकास
- [ ] बालविवाह अन्त्य सम्बन्धी सचेतना तथा अभियान
- [ ] ज्येष्ठ नागरिक सम्मान, स्वास्थ्य सेवा तथा सहयोग
- [ ] घरेलु हिंसा तथा लैङ्गिक हिंसा (GBV) विरुद्धको अभियान

- [ ] LGBTQI+ समुदायको सचेतना, सीपमूलक तालिम तथा सशक्तीकरण
- [ ] अन्य सामाजिक समावेशीकरण सम्बन्धी (खुलाउने): ________________________________

**४. कार्यक्रमका उद्देश्यहरू (Objectives)**

१. ____________________

२. ____________________

३. ____________________

४. ____________________

५. ____________________

**५. लक्षित वर्ग र अनुमानित लाभान्वित संख्या (Target Group & Beneficiaries)**

| क्र.सं. | लक्षित वर्ग | पुरुष | महिला | अन्य (LGBTQI+) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालबालिका (१८ वर्ष मुनि) | | | | | |
| २ | महिला / आमा समूह | - | | - | | |
| ३ | ज्येष्ठ नागरिक (६० वर्ष माथि) | | | - | | |
| ४ | अपाङ्गता भएका व्यक्ति | | | | | |
| ५ | LGBTQI+ समुदाय | | | | | |

| क्र.सं. | लक्षित वर्ग | पुरुष | महिला | अन्य (LGBTQI+) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | दलित / विपन्न / सीमान्कृत | | | | | |
| **जम्मा** | | | | | | |

**६. प्रस्ताविक गतिविधिहरू तथा सञ्चालन विधि (Proposed Activities & Methodology)**

*(कार्यक्रम कसरी सञ्चालन गरिन्छ? जस्तै: तालिम, अभिमुखीकरण, सडक नाटक, राहत/सामग्री वितरण आदि)*

१. ______
२. ______
३. ______
४. ______
५.

**७. कार्यक्रम सञ्चालन हुने स्थान र समय तालिका (Location & Timeline)**

- **कार्यक्रम सञ्चालन हुने स्थान:** ______
- **प्रस्तावित सुरु हुने मिति:** २०८... / ... / ...
- **प्रस्तावित सम्पन्न हुने मिति:** २०८... / ... / ...

**८. अपेक्षित उपलब्धि/प्रतिफल (Expected Results/Outcomes)**

१.

२.

३.

४.

## ९. अनुमानित बजेट विवरण (Estimated Budget Breakdown)

| **क्र.सं.** | **खर्चको शीर्षक/विवरण** | **एकाई (Unit)** | **परिमाण (Qty)** | **दर (Rate रु.)** | **जम्मा रकम (रु.)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | हल भाडा / मञ्च व्यवस्थापन | दिन | | | | |
| २ | सहभागी खाजा / खाना खर्च | जना/दिन | | | | |
| ३ | स्रोत व्यक्ति (Resource Person) भत्ता | घण्टा/दिन | | | | |
| ४ | तालिम/प्रचारप्रसार सामग्री (स्टेशनरी, ब्यानर) | पटक | | | | |
| ५ | यातायात / ढुवानी खर्च | पटक | | | | |
| ६ | लक्षित वर्गलाई वितरण गरिने सामग्री/सहयोग | जना | | | | |
| **जम्मा लागत (रु.)** | | | | | | |

**१०. बजेटको स्रोत (Source of Funds)**

- **गुराँस गाउँपालिकासँग माग गरिएको रकम:** रु. ___________________________
- **आफ्नो समूह/संस्थाको लागत सहभागिता (यदि भए):** रु. ___________________________
- **अन्य निकायको योगदान (यदि भए):** रु. ___________________________
- **कुल बजेट (Total Budget):** रु. ___________________________

**प्रस्तावना तयार गर्ने/पेस गर्नेको दस्तखत:**

**नाम:** ________________________________________________

**पद:** ________________________________________________

**समूह/संस्थाको नाम:** ___________________________________

**मिति:** २०८... / ... / ...

*(सम्बन्धित संस्था/समूहको छाप)*

**अनुसूची–४:** कार्यक्रम प्रतिवेदन (Completion Report) को ढाँचा

## कार्यक्रम सम्पन्नता प्रतिवेदन (Program Completion Report)

**१. कार्यक्रमको सामान्य विवरण:**

- कार्यक्रम/योजनाको नाम: ..........................................................................................
- कार्यक्रम स्वीकृत मिति: २०८३/....../......
- कार्यक्रम सञ्चालन भएको मिति: २०८३/....../...... देखि २०८३/....../...... सम्म
- कार्यक्रम सञ्चालन भएको स्थान: वडा नं. ......., [स्थान/टोलको नाम]
- आयोजक/कार्यान्वयन गर्ने निकाय: [शाखाको नाम / संस्था/समूहको नाम]
- कार्यक्रम बजेट शीर्षक र सङ्केत नं.: ..........................................................................

**२. बजेट तथा वित्तीय विवरण:**

| **क्र.सं.** | **विवरण** | **स्वीकृत बजेट (रु.)** | **खर्च भएको रकम (रु.)** | **बाँकी/फछ्यौट रकम (रु.)** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहको योगदान/अनुदान | | | | |
| २ | कृषक/लाभार्थी/सहभागी लागत सहभागिता | | | | |
| ३ | अन्य साझेदार संस्थाको योगदान (भएमा) | | | | |
| **जम्मा** | | | | | |

**३. कार्यक्रमको लक्ष्य र उपलब्धि (भौतिक तथा वित्तीय):**

| क्र.सं. | मुख्य कार्य/क्रियाकलाप | स्वीकृत लक्ष्य (संख्या/इकाइ) | हासिल भएको उपलब्धि | प्रगति (%) |
|---|---|---|---|---|
| १ | [जस्तै: मेशीन/सामग्री वितरण] | | | |
| २ | [जस्तै: सहभागी/लाभार्थी संख्या] | | | |
| ३ | [जस्तै: अभिमुखीकरण/तालिम सञ्चालन] | | | |

**४. सहभागी/लाभार्थीको विवरण:**

- **प्रत्यक्ष लाभान्वित संख्या:**
  - महिला: ......... जना | पुरुष: ......... जना | अन्य: ......... जना | **जम्मा:** ......... जना
- **लक्षित वर्गको उपस्थिति (संख्या):**
  - दलित: ..... | जनजाति: ..... | अपाङ्गता भएका: ..... | विपन्न/एकल महिला: ..... | अन्य: .....

**५. कार्यक्रमको मुख्य उद्देश्य तथा उपलब्धि (संक्षिप्त विवरण):**

- **उद्देश्य:**

  ......................................................................................................................................

- **हासिल भएका मुख्य उपलब्धिहरू:**

१. .........................................................................................................................

२. .........................................................................................................................

३. ..............................................................................................................................

**६. सञ्चालन प्रक्रिया र मुख्य मुख्य गतिविधिहरू:**

*(कार्यक्रम कसरी आयोजना गरियो, कसरी सूचना प्रवाह गरियो, छनोट कसरी गरियो र सञ्चालन कसरी भयो भन्ने संक्षिप्त विवरण)*

………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………

**७. कार्यक्रम सञ्चालनका क्रममा देखिएका सवल पक्ष, सिकाइ र चुनौतीहरू:**

- **सबलपक्षहरू:**

  ……………………………………………………………………………………………………

- **चुनौतीतथासमस्याहरू:**

  …………………………………………………………………………………………

- **भविष्यकालागिसुधारकाक्षेत्र/सुझावहरू:**

  ………………………………………………………………………………

**८. संलग्न कागजातहरूको सूची (Checklist):**

- [ ] स्वीकृत कार्यक्रम/बजेटको प्रतिलिपि
- [ ] उपस्थिति पुस्तिका / सहभागीहरूको नामावली (हस्ताक्षर सहित)
- [ ] कार्यक्रम सञ्चालन/वितरणका स्पष्ट फोटोहरू
- [ ] वडा/शाखाको अनुगमन प्रतिवेदन
- [ ] विल, भरपाई तथा सम्बन्धित निर्णयहरू

**प्रतिवेदन पेस गर्ने:**

- **प्रतिवेदन तयार गर्ने (कर्मचारी/प्रतिनिधि):**
  - **नाम, थर:** ……………………………………………
  - **पद:** ……………………………………………………
  - **दस्तखत:** ……………………………………………
  - **मिति:** २०८३/……/……

**शाखा/कार्यालयको प्रमाणित/सिफारिस:**

माथि उल्लेखित कार्यक्रम/योजना स्वीकृत बजेट, मापदण्ड र कार्यविधि अनुसार सफलतापूर्वक सम्पन्न भएको र पेस गरिएका कागजातहरू नियमानुसार दुरुस्त रहेकाले रकम भुक्तानी/फछर्यौटका लागि सिफारिस गर्दछु।

- **शाखा प्रमुखको दस्तखत:** ....................................................
- **नाम, थर:** ...........................................................................
- **पद:** .....................................................................................
- **मिति:** २०८३/....../......

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत